आज मिति २०७४ भाद्र २१ गते, बुधबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा नवौं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री मन्दिरा मर्हजन (रन्जित) | - | ना.सु |

प्रस्तावहरु:

१) नागरिक वडापत्र सम्बन्धमा ।
२) बिबिध ।

निर्णयहरु :

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा पेश भए बमोजिमको नागरिक वडापत्र संशोधन सहित स्वीकृत गर्ने ।

प्रस्ताव नं. २ :

क) गाडी भाडाका सम्बन्धमा छलफल गर्दा अर्को गाडी खरिद नगरे सम्मको लागी गाडी भाडामा लिने ।

ख) राहत सहयोगको सम्बन्धमा बाढी पिडितलाई सहयोग स्वरुप खाद्यान्न खरिद गरे बापतको रू. २०,२५०।- (अक्षरुपी बीस हजार दुई सय पचास रुपैया भुक्तानी गर्ने ।

ग) ज्येष्ठ नागरिक सम्मान सम्बन्धमा :

ज्येष्ठ नागरिकहरुको पोशाकको हकमा पुरुष ज्येष्ठ नागरिकहरु र लेप्रोसी रोगीहरुलाई पशुपति अन्नपूर्ण आश्रमले व्यवस्था गर्ने भएको हुदाँ महिला ज्येष्ठ नागरिकहरुलाई दक्षिणकाली नगरपालिकाले व्यवस्था गर्ने र महिला ज्येष्ठ नागरिक सम्बन्धमा नगर उपप्रमुख बसन्ती डंगोल तामाङ्गको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी समिति गठन र सोही समिति मार्फत एउटा साडी, चोलो र पछयौरा खरिद गर्ने ।

**तपसिल :**

अ) बसन्ती तामाङ्ग (डंगोल) - संयोजक

आ) अमृका बलामी - सदस्य

इ) श्याम बहादर खत्री - सदस्य

ई) कबिता खत्री - सदस्य

उ) निर्मला मंग्रान्ती - सदस्य

ऊ) शारदा आचार्य - सदस्य

ए) लक्ष्मी भण्डारी - सदस्य

घ) पशुपति अन्नपूर्ण आश्रम र प्रा. डा जगदिश बैधलाई दक्षिणकाली नगरपालिकामा बिभिन्न सहयोग गरे बापत धन्यबाद प्रदान गर्ने ।

ङ) दक्षिणकाली नगरपालिकाको ९ वटै वडा भित्र रहका अवकाश प्राप्त निजामती कर्मचारी/राष्ट्रसेवकहरुलाई सम्मान गर्ने र उनीहरुसँगको ज्ञान, सीप, अनुभबलाई उपयोग गर्ने । यसको लागी सबै वडा कार्यालयहरुमा तथ्याक विवरण माग गर्ने पत्राचार गर्ने ।

च) आ-आफनो वडा भित्र रहेको वढी प्रयोगमा आउने बाटोहरुको स्तरोन्नित गर्नको लागी वडा भित्र अनुगमन गरी वडा अध्यक्षले सोको प्रतिबेदन तयार गरी ३ दिन भित्र नगरपालिकामा पेश गर्ने ।